बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

## सिन्धुली

## धानको पहेंलो गवारो (Yellow rice borer ):

**पहिचानः** यो गवारो वयस्क अवस्थामा विभिन्न आकार प्रकारका पुतलीमा परिणत हुन्छन् । लाभ्रेहरु फिका पहेंला अथवा गुलावी रंगका अथवा शरिरमा धर्का भएका हुन्छन् । यिनिहरु बिरुवाको डाँठभित्र बसेर क्षति गर्दछन् ।

**क्षतिको लक्षणः** बिरुवाको कलिलो अवस्थामा आक्रमण भएमा मृत गावा (Dead heart) देखिन्छन् यदि बिरुवाको फूलफुल्ने अवस्थामा आक्रमण भएमा भुस मात्र भएको सेतो बाला (White head) देखिन्छ ।

**व्यवस्थापनका विधिहरुः**

- ✓ गवारोको क्षति कम गर्न हरेक वर्ष धान काटी सकेपछि रहेको सम्पूर्ण ठुटा निकाली जलाइदिने अथवा ठुटा डुब्ने गरी पानी पटाइदिने अथवा धान काटी सकेपछि गहिरो गरि खेत जोत्ने ।
- ✓ बेर्नाको पातको टुप्पामा देखिएका फुलहरु टुप्पो चुडेर नष्ट गर्ने ।
- ✓ बत्तिको पासोको प्रयोग गरी वयस्क पुतली जम्मा गरी मार्ने ।
- ✓ ट्राइकोग्रामा परजिवी किरा ५०,००० देखि १,००,००० प्रति हेक्टरका दरले रोपाइ गरेको ३-४ हप्ता पछि छाड्ने ।
- ✓ धान खेतको आलीमा भटमास लगाउने ।
- ✓ माकुरा, लामा सिंगे फट्याङग्रा जस्ता मित्रुजिवहरुको संरक्षण गर्ने ।
- ✓ बिटि (Bacillus thuringiensis) @ २ ग्राम प्रति लिटर पानीका दरले छर्ने ।
- ✓ प्रकोप धेरै भएको खण्डमा कार्टाप हाइड्रोक्लोराइड ४ % जि आर (जस्तै अनुदान, किटाप, विदान आदि) वा फिप्रोनिल ०.३% जि आर (जस्तै रिफ्री, रिजेन्ट, टाटाजेन्ट, आदि) दाना विषादी कुनै एक १.२५ के.जी. प्रति रोपनिका दरले वा क्लोरान्ट्रानिलिप्रोल ०.४ % जि आर (फेरटेरा) खेतमा छिपछिपे पानी जमाइ छर्ने र विषादी छरेको ४ दिन सम्म पानी बगेर जान नदिने ।




संकलक तथा तयारकर्ताः विशेषज्ञ सेवा शाखा, कृषि विकास कार्यालय, सिन्धुली